"मीठे बच्चे– साकार शरीरलाई याद गर्नु पनि भूत अभिमानी बन्नु हो , किनकि शरीर ५ भूतहरूको हो। तिमीले त देही-अभिमानी बनेर एक विदेही बाबालाई याद गर्नु छ ।"

प्रश्नः– सबैभन्दा उत्तम कार्य कुनचाहिँ हो, जुन बाबाले नै गर्नुहुन्छ?

उत्तरः– सारा तमोप्रधान सृष्टिलाई सतोप्रधान सदा सुखी बनाउनु– यो हो सबैभन्दा उत्तम कार्य, जुन बाबाले नै गर्नुहुन्छ। यस उच्च कार्यको कारणले उहाँको यादगार पनि धेरै उच्च बनाएका छन्।

प्रश्नः– कुन दुई शब्दमा सारा ड्रामाको रहस्य आउँछ?

उत्तरः– पूज्य र पुजारी। जब तिमी पूज्य हुन्छौ, तब पुरुषोत्तम हुन्छौ। फेरि मध्यम, कनिष्ठ बन्छौ। मायाले पूज्यबाट पुजारी बनाइदिन्छ।

गीतः– महफिल में जल उठी शमा ...

ओम् शान्ति। भगवान बसेर बच्चाहरूलाई सम्झाउनुहुन्छ– मनुष्यलाई भगवान भन्न सकिदैन। ब्रह्मा, विष्णु, शङ्करका पनि चित्र छन् उनीहरूलाई भगवान भन्न सकिदैन। परमपिता परमात्माको निवास उनीहरूकोभन्दा माथि छ। उहाँलाई नै प्रभु, ईश्वर, भगवान आदि भनिन्छ। मनुष्यले पुकार्दा उहाँको कुनै पनि आकार वा साकार मूर्ति देखिदैन, त्यसैले कुनै पनि मनुष्य-आकारलाई भगवान भनिदिन्छन्। संन्यासीहरूलाई पनि देखे भने भन्छन् भगवान, तर भगवान स्वयं सम्झाउनुहुन्छ- मनुष्यलाई भगवान भन्न सकिदैन। निराकार भगवानलाई त धेरै याद गर्छन्। जसले गुरु बनाएको छैन, सानो बच्चा छ उसलाई पनि सिकाइन्छ परमात्मालाई याद गर, तर कुन परमात्मालाई याद गर्ने– यो बताइँदैन। कुनै पनि चित्र बुद्धिमा हुदैन। दु:खको समयमा भनिदिन्छन् हे प्रभु! कुनै गुरु वा देवता आदिको चित्र उनीहरूको सामुन्ने आउँदैन। जतिसुकै गुरु बनाएको भए पनि जब हे भगवान! भन्दा कहिल्यै गुरुको याद आउँदैन। यदि गुरुलाई याद गरेर भगवान भन्छ भने त्यो मनुष्य त जन्म-मरणमा आउँनेवाला भयो। यो त भयो ५ तत्त्वले बनेको शरीरलाई याद गर्नु। जसलाई ५ भूत भनिन्छ। आत्मालाई भूत भनिदैन। त्यो त भूत पूजा जस्तै भयो। बुद्धियोग शरीर तर्फ गयो। यदि कुनै मनुष्यलाई भगवान सम्झन्छन् भने यस्तो होइन– उनमा जो आत्मा छ त्यसलाई याद गर्छन्। गर्दैनन्। आत्मा दुवैमा छ। याद गर्नेवालामा पनि छ भने जसलाई याद गर्छन् उनमा पनि छ। परमात्मालाई त सर्वव्यापी भनिदिन्छन्। तर परमात्मालाई पाप आत्मा भन्न सकिदैन। वास्तवमा परमात्मा नाम निस्किदा बुद्धि निराकार तर्फ जान्छ। निराकार बाबालाई निराकार आत्माले याद गर्छ। त्यसलाई देही-अभिमानी भनिन्छ। साकार शरीरलाई जसले याद गर्छ ऊ भूत अभिमानी जस्तै हो। भूतले, भूतलाई याद गर्छ किनकि आफूलाई आत्मा सम्झनुको सट्टा ५ भूतहरूको शरीर सम्झन्छन्। नाम पनि शरीरको राखिन्छ। आफूलाई पनि ५ तत्त्वहरूको भूत सम्झन्छन् र उनीहरूलाई पनि शरीरको साथमा याद गर्छन्। देही-अभिमानी त छँदैछैनन्। आफूलाई निराकार आत्मा सम्झे भने निराकार परमात्मालाई याद गर्थे। सबै आत्माहरूको सम्बन्ध सबैभन्दा पहिला परमात्मासँग हुन्छ। आत्माले दु:खमा परमात्मालाई नै याद गर्छ, उहाँसँग सम्बन्ध हुन्छ। उहाँले आत्माहरूलाई सबै दु:खबाट छुटाउनुहुन्छ। उहाँलाई महाज्योति पनि भनिन्छ। कुनै बत्ती आदिको कुरा त होइन। उहाँ त परमपिता परम आत्मा हुनुहुन्छ। महाज्योति भन्नाले मनुष्यले फेरि ज्योति सम्झन्छन्। यो त बाबाले स्वयं सम्झाउनु भएको छ– म परम आत्मा हुँ, जसको नाम शिव हो। शिवलाई रुद्र पनि भनिन्छ। उहाँ निराकारका नै अनेक नाम छन्, अरू कसैका यतिका नाम छैनन्। ब्रह्मा, विष्णु, शङ्करको एउटै नाम छ। जति पनि देहधारी छन्, उनीहरूको एउटै नाम हुन्छ। एक ईश्वरलाई नै अनेक नाम दिइन्छ। उहाँको महिमा अपरम्पार छ। मनुष्यको एक नाम निश्चित हुन्छ। अहिले तिमी मरजीवा बनेका छौ त्यसैले तिम्रो अर्को नाम राखिएको छ, जसबाट पुरानो सबै भुलियोस्। तिमी परमपिता परमात्माको सामुन्ने जीवन छँदै मर्छौ। यो हो मरजीवा जन्म। अवश्य माता-पिताको पासमा जन्म लिन्छन्। यो गुह्य कुरा बाबा बसेर तिमी बच्चाहरूलाई सम्झाउनुहुन्छ। दुनियाँले त शिवलाई जान्दैनन्। ब्रह्मा, विष्णु, शङ्करलाई जान्दछन्। ब्रह्माको दिन, ब्रह्माको रात पनि भनिन्छ। यो पनि केवल सुनेका छन्। ब्रह्माद्वारा स्थापना तर कसरी, यो जान्दैनन्। अब रचयिताले त अवश्य नयाँ धर्म, नयाँ दुनियाँ रच्नुहुन्छ। ब्रह्माद्वारा ब्राह्मण कुल नै रच्नुहुन्छ। तिमी ब्राह्मणहरूले ब्रह्मालाई होइन परमपिता परमात्मालाई याद गर्छौ किनकि ब्रह्माद्वारा तिमी उहाँका बनेका छौ। बाहिरका देह-अभिमानी

ब्राह्मणले यसरी आफूलाई ब्रह्माको बच्चा शिवको नाति भन्दैनन्। शिवबाबा जसको जयन्ती पनि मनाउँछन् तर उहाँलाई नजान्नाले उहाँको कदर हुँदैन। उहाँको मन्दिरमा जान्छन्, सम्झन्छन् यी ब्रह्मा, विष्णु शङ्कर वा लक्ष्मी-नारायण त होइनन्। उहाँ अवश्य निराकार परमात्मा हुनुहुन्छ। अरू सबै कलाकारको आ-आफ्नो पार्ट छ। पुनर्जन्म लिन्छन्, आफ्नो नाम राख्छन्। उहाँ परमपिता परमात्मा एउटै हुनुहुन्छ। जसको व्यक्त नाम रूप छैन। तर मूढमति मनुष्यले सम्झदैनन्। परमात्माको यादगार छ भने अवश्य उहाँ आएको हुनु पर्छ, स्वर्ग रच्नु भएको हुनु पर्छ। नत्र स्वर्ग कसले रच्ने? अहिले फेरि आएर यो रुद्र ज्ञानयज्ञ रच्नु भएको छ। यसलाई यज्ञ भनिन्छ किनकि यसमा स्वाहा हुनु छ। यज्ञ त धेरै मनुष्यले रच्छन्। ती त सबै हुन् भक्तिमार्गका स्थूल यज्ञ। उहाँ परमपिता परमात्मा स्वयं आएर यज्ञ रच्नुहुन्छ। बच्चाहरूलाई पढाउनुहुन्छ। यज्ञ रच्दा त्यसमा पनि ब्राह्मणहरूले शास्त्र कथा आदि सुनाउँछन्। उहाँ बाबा त ज्ञानका सागर हुनुहुन्छ। भन्नुहुन्छ– यी गीता भागवत आदि शास्त्र सबै भक्तिमार्गका हुन्। ती भौतिक यज्ञ पनि भक्तिमार्गका हुन्। यो हो नै भक्ति मार्गको समय। कलियुगको अन्त्य आइसकेपछि भक्तिको पनि अन्त्य आउँछ। तब नै भगवान आएर मिल्नुहुन्छ किनकि उहाँ नै भक्तिको फल दिनेवाला हुनुहुन्छ। उहाँलाई ज्ञान सूर्य भनिन्छ। ज्ञान चन्द्रमा, ज्ञान सूर्य र ज्ञान लक्की सितारा। ज्ञान सूर्य त हुनुहुन्छ बाबा। फेरि माता चाहिन्छ ज्ञान चन्द्रमा। जुन तनमा प्रवेश गर्नुहुन्छ उनी भए ज्ञान चन्द्रमा माता र बाँकी सबै हुन् बच्चा लक्की सितारा। यस हिसाबबाट जगदम्बा पनि लक्की स्टार भइन् किनकि बच्चा ठहरिइन् नि। ताराहरूमा कुनै बढी चम्किला पनि हुन्छन्। त्यसैगरी यहाँ पनि नम्बरवार छन्। ती हुन् स्थूल आकाशका सूर्य, चन्द्रमा र सितारा र यो हो ज्ञानको कुरा। जसरी ती पानीका नदीहरू र यी हुन् ज्ञानका नदीहरू, जुन ज्ञानसागरबाट निस्केका हुन्।

अहिले शिवजयन्ती मनाइन्छ। अवश्य उहाँ सारा सृष्टिको पिता आउनुहुन्छ। आएर अवश्य स्वर्ग रच्नुहुन्छ। बाबा आउनुहुन्छ नै आदि सनातन देवी-देवता धर्मको स्थापना गर्न, जो प्राय: लोप भएको छ। सरकारले पनि कुनै धर्मलाई मान्दैन। भन्छन् हाम्रो कुनै धर्म छैन। यो कुरा ठीकै भन्छन्। बाबाले पनि भन्नुहुन्छ– यहाँको आदि सनातन देवी-देवता धर्म प्राय: लोप भएको छ। धर्ममा तागत हुन्छ। हिन्दुहरू आफ्नो दैवी धर्ममा थिए, त्यतिबेला धेरै सुखी थिए। सर्वशक्तिमान् विश्व राज्य अधिकारीको राज्य थियो। पुरुषोत्तमले राज्य गर्थे। श्री लक्ष्मी-नारायणलाई नै पुरुषोत्तम भनिन्छ। नम्बरवार उच्च नीच त हुन्छन्। सर्वोत्तम पुरुष, उत्तम पुरुष, मध्यम, कनिष्ठ पुरुष त हुन्छन् नै। पहिला सुरुमा सबैभन्दा उत्तम पुरुष जो बन्छन् उनै फेरि मध्यम, कनिष्ठ बन्छन्। लक्ष्मी-नारायण हुन् पुरुषोत्तम। सबै पुरुषहरूमा उत्तम। फेरि तल उत्रिएपछि देवताबाट क्षत्रिय, क्षत्रियबाट फेरि वैश्य, शूद्र कनिष्ठ बन्छन्। सीतारामलाई पनि पुरुषोत्तम भनिदैन। सबै राजाहरूको राजा, सर्वोत्तम सतोप्रधान पुरुषोत्तम हुन्छन् लक्ष्मी-नारायण। यो सबै कुरा तिम्रो बुद्धिमा बसेको छ। कसरी यो सृष्टिको चक्र चल्छ। पहिला सुरुमा उत्तम फेरि मध्यम, कनिष्ठ बन्छन्। यस समयमा त सारा दुनियाँ तमोप्रधान छ। यो कुरा बाबाले सम्झाउनुहुन्छ। जसको जयन्ती मनाउँछौ, तिमीले बताउन सक्छौ– आजभन्दा ५ हजार वर्ष पहिला परमपिता परमात्मा शिवको पदार्पण भएको थियो। नत्र शिवजयन्ती किन मनाउँथे! परमपिता परमात्मा अवश्य बच्चाहरूको लागि सौगात लिएर आउनुहुन्छ र अवश्य सर्वोत्तम कार्य गर्नुहुन्छ। सारा तमोप्रधान सृष्टिलाई सतोप्रधान सदा सुखी बनाउनुहुन्छ। जति उच्च हुनुहुन्छ, त्यति उच्च यादगार पनि थियो जुन मन्दिरलाई लुटेर लगे। मनुष्यले लडाइँ गर्छन् धनको लागि। विदेशबाट पनि आए धनको लागि, त्यसबेला पनि धन धेरै थियो। तर माया रावणले भारतखण्डलाई कौडीतुल्य बनाइदिएको छ। बाबा आएर हीरातुल्य बनाउनुहुन्छ। यस्ता शिवबाबालाई कसैले पनि चिन्दैनन्। भनिदिन्छन् सर्वव्यापी हुनुहुन्छ। यो भन्नु पनि भूल हो। नाउ पार गर्नेवाला सतगुरु एक हुनुहुन्छ। डुबाउनेवाला अनेक छन्। सबै विषय सागरमा डुबेका छन्। त्यसैले त भन्छन् यस असार संसार, विषय सागरबाट पारी लैजाऊ, जहाँ क्षीरसागर छ। गायन गरिन्छ पनि– विष्णु क्षीरसागरमा रहन्थे। स्वर्गलाई क्षीरसागर भनिन्छ। जहाँ लक्ष्मी-नारायणले राज्य गर्छन्। बाँकी यस्तो होइन विष्णु त्यहाँ क्षीरसागरमा विश्राम गर्छन्। उनीहरूले त ठूलो तलाऊ बनाएर त्यसको बीचमा विष्णुलाई राख्छन्। विष्णु पनि ठूलो बनाउँछन्। लक्ष्मी-नारायण त यति ठूला हुँदैनन्। बढीमा ६ फिट हुन्छन्। पाण्डवहरूका पनि ठूला-ठूला मूर्ती बनाउँछन्। रावणको कति ठूलो पुतला बनाउँछन्। नाम ठूलो छ त्यसैले चित्र ठूलो बनाउँछन्। बाबाको नाम हुन त ठूलो छ तर उहाँको चित्र सानो छ। यो त सम्झाउनको लागि यति ठूलो रूप दिइएको छ। बाबा भन्नुहुन्छ मेरो यति ठूलो रूप छैन। जसरी आत्मा सानो छ, त्यसैगरी म परमात्म पनि तारा जस्तै छु। उहाँलाई सुप्रीम सोल भनिन्छ। उहाँ हुनुहुन्छ सबैभन्दा उच्च। उहाँमा नै सारा ज्ञान भरिएको छ। उहाँको महिमा गायन गरिएको छ– उहाँ मनुष्य सृष्टिको बीजरूप हुनुहुन्छ, ज्ञानको सागर

हुनुहुन्छ, चैतन्य आत्मा हुनुहुन्छ। तर शरीर लिएपछि नै सुनाउनुहुन्छ। जसरी बच्चाले पनि सानो शरीरद्वारा बोल्न सक्दैन। ठूलो भएपछि शास्त्र आदि देखाले पहिलाको संस्कारहरूको स्मृति आउँछ। बाबा बसेर बच्चाहरूलाई सम्झाउनुहुन्छ, म फेरि ५ हजार वर्षपछि तिमीलाई उही राजयोग सिकाउन आएको छु। कृष्णले कुनै राजयोग सिकाएका छैनन्। उनले त प्रारब्ध भोगेका हुन्। ८ जन्म सूर्यवंशी, १२ जन्म चन्द्रवंशी फेरि ६३ जन्म वैश्य, शूद्र वंशी बने। अहिले सबैको यो अन्तिम जन्म हो। यो कृष्णको आत्माले पनि सुन्छ। तिमीहरूले पनि सुन्छौ। यो हो सङ्गमयुगी ब्राह्मणहरूको वर्ण। फेरि तिमीहरू ब्राह्मणबाट देवता बन्छौ। ब्राह्मण धर्म, सूर्यवंशी देवता धर्म र चन्द्रवंशी क्षत्रिय धर्म तीनैको स्थापक एउटै परमपिता परमात्मा हुनुहुन्छ। तीनैको शास्त्र पनि एक हुनु पर्छ। अलग-अलग कुनै शास्त्र छँदैछैन। ब्रह्मा यति ठूला सबैका पिता हुन्, प्रजापिता। उनको पनि कुनै शास्त्र छैन। एक गीतामा नै भगवानुवाच छ। ब्रह्मा भगवानुवाच छैन। यो हो शिव भगवानुवाच ब्रह्माद्वारा, जसबाट शूद्रहरूलाई परिवर्तन गरेर ब्राह्मण बनाइन्छ। ब्राह्मण नै देवता र जो फेल हुन्छन् उनीहरू क्षत्रिय बन्छन्। दुई कला कम हुन पुग्छ। कति राम्रोसँग सम्झाउनुहुन्छ। उच्चभन्दा उच्च हुनुहुन्छ परमपिता परमात्मा, फेरि ब्रह्मा, विष्णु, शङ्कर उनीहरूलाई पनि पुरुषोत्तम भनिदैन। जो पुरुषोत्तम बन्छन्, उनै फेरि कनिष्ठ पनि बन्छन्। मनुष्यहरूमा सर्वोत्तम हुन् लक्ष्मी-नारायण, जसका मन्दिर पनि छन्। तर उनीहरूको महिमा कसैले जान्दैनन्। केवल पूजा गरिरहन्छन्। अब तिमी पुजारीबाट पूज्य बनिरहेका छौ। मायाले फेरि पुजारी बनाइदिन्छ। ड्रामा यस्तो बनेको छ। नाटक पूरा भएपछि मात्रै मलाई आउनु पर्छ। त्यसपछि वृद्धि पनि स्वतः बन्द हुन जान्छ। फेरि तिमी बच्चाहरू आएर आ-आफ्नो पार्ट दोहोर्याउनु पर्छ। यो कुरा परमपिता परमात्मा स्वयं बसेर सम्झाउनुहुन्छ, जसको जयन्ती भक्तिमार्गमा मनाउँछन्। यो त मनाइरहन्छन्। स्वर्गमा त कसैको पनि जयन्ती मनाउँदैनन्। कृष्ण, राम आदिको पनि जयन्ती मनाउँदैनन्। उनीहरू स्वयं यथार्थमा हुन्छन्। यी त यहाँ थिए, तब मनाउँछन्। त्यहाँ वर्ष-वर्ष कृष्णको जन्मदिन मनाउँदैनन्। त्यहाँ त सदैव खुशी हुन्छ, बर्थ डे के मनाउने। बच्चाहरूको नाम त माता-पिताले नै राख्छन्। गुरु त त्यहाँ हुँदैनन्। वास्तवमा यी कुराको ज्ञान र योगसँग कुनै सम्बन्ध छैन। बाँकी त्यहाँको रसम के छ, सो सोध्नु पर्छ या त बाबाले भनिदिनुहुन्छ, त्यहाँको नियम जे हुन्छ त्यही अनुसार चल्छन्, तिमीलाई सोध्ने के आवश्यकता छ। पहिला मेहनत गरेर आफ्नो पद त प्राप्त गर। लायक त बन, फेरि सोध्नु। ड्रामामा कुनै न कुनै नियम हुन्छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) आफूलाई निराकार आत्मा सम्झेर निराकार बाबालाई याद गर, कुनै पनि देहधारीलाई होइन। मरजीवा बनेर पुरानो कुरालाई बुद्धिबाट बिर्स।

२) बाबाले रचेको यस रुद्र यज्ञमा सम्पूर्ण स्वाहा हुनु छ। शूद्रहरूलाई ब्राह्मण धर्ममा परिवर्तन गर्ने सेवा गर।

वरदानः– दिनचर्याको सेटिङ्ग र बाबाको साथद्वारा हर कार्य एक्यु रेट गर्ने विश्व कल्याणकारी भव

दुनियाँमा जो ठूला व्यक्ति हुन्छन् उनको दिनचर्या सेट हुन्छ। कुनै पनि कार्य एक्युरेट तब हुन्छ जब दिनचर्याको सेटिङ्ग हुन्छ। सेटिङ्ग गर्नाले समय,शक्ति सबै बच्छ,एक व्यक्तिले १० वटा कार्य गर्न सक्छ। त्यसैले तिमी विश्व कल्याणकारी जिम्मेवार आत्माहरूलेहर कार्यमा सफलता प्राप्त गर्नको लागि दिनचर्यालाई सेट गर र बाबाको साथ सधैं कम्बाइन्ड भएर रहने गर। हजार भुजावाला बाबा तिम्रो साथ ह्नुहुन्छ। त्यसैले एउटा कार्यको सट्टा हजार कार्य एक्युरेट गर्न सक्छौ।

स्लोगनः– सर्व आत्माहरू प्रति शुद्ध सङ्कल्प गर्नु नै वरदानी मूर्त बन्नु हो।